नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

# राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

बबरमहल, काठमाडौं

## राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको ४२ औं स्थापना दिवसको शुभ-कामना

नेपाल प्राकृतिक सम्पदा तथा जैविक विविधताले भरिपूर्ण छ। नेपालको विभिन्न भौगोलिक क्षेत्रमा रहेका पारिस्थितिकीय प्रणालीहरु, सङ्कटापन्न, दुर्लभ र महत्वपूर्ण वन्यजन्तु तथा वनस्पति तथा तिनको बासस्थान, अद्वितीय सौन्दर्यका भू-दृष्यहरु, सिमसार, हरियाली, पहाड, हिमाल, पदयात्रा र मनोरञ्जनको दृष्टिकोणले महत्वपूर्ण मानिएका क्षेत्रहरुको संरक्षण तथा संरक्षित क्षेत्रहरुभित्र र आसपासमा बसोवास गर्ने बासिन्दाहरु एवं समुदायहरुको परम्परागत रितीरिवाज एवं सँस्कृतिको जर्गेना गर्ने उद्देश्यले वि.सं. २०३७ साल कार्तिक १८ गतेको राजपत्रमा सूचना प्रकाशन भई नेपाल सरकारको मिति २०३७ साल आश्विन १ गतेको निर्णय अनुसार तत्कालिन वन मन्त्रालय अन्तर्गतको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण कार्यालयको सट्टा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग भन्ने नामाकरण भई विधिवत रुपमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको स्थापना भएको हो।

विभाग स्थापना भए पश्चात हाल सम्म हिमाली तथा उच्च पहाडी जलाधारदेखि तराईका मैदानसम्म देशका मुख्य मुख्य पारिस्थितिकीय प्रणालीलाई समेट्ने गरी १२ राष्ट्रिय निकुञ्ज, १ वन्यजन्तु आरक्ष, १ शिकार आरक्ष, ६ संरक्षण क्षेत्र तथा १३ मध्यवर्ती क्षेत्र घाषणा भई व्यवस्थापकीय कार्यहरु सञ्चालन हुँदै आएको छ। घोषणा भएका संरक्षित क्षेत्रहरुले नेपालको कूल क्षेत्रफलको २३.३९ प्रतिशत भू-भाग ओगटेको छ। संरक्षण कार्यबाट स्थानीय बासिन्दाहरुलाई बढीभन्दा बढी लाभान्वित गराउन र मानव वन्यजन्तु द्वन्द्व न्युनिकरण गरी जैविक विविधता संरक्षण प्रभावकारी बनाउन स्थानीय समुदायको प्रत्यक्ष सहभागिता प्राप्त गर्न वि.स. २०४९ सालमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मा चौथो संशोधन गरी मध्यवर्ती क्षेत्र व्यवस्थापनको प्रावधान समावेश गरिएको हो। जस अनुसार मध्यवर्ती क्षेत्र व्यवस्थापन कार्यक्रमबाट स्थानीय बासिन्दाहरुको अर्थपूर्ण सहभागितामा संरक्षण तथा सामुदायिक विकासका कार्यक्रमहरु सञ्चालन गर्ने उद्देश्यका साथ संरक्षित क्षेत्रहरुले आर्जन गर्ने राजश्वको ३० देखि ५० प्रतिशत रकम मध्यवर्ती क्षेत्रको स्थानीय विकासमा खर्च गर्ने प्रावधान समावेश गरिंएको छ। नेपालमा पाइने ११८ प्रकारका पारिस्थितिकीय प्रणालीहरु मध्ये ८० भन्दा बढी प्रकारका पारिस्थितिकीय प्रणालीलाई संरक्षित क्षेत्रहरुले प्रतिनिधित्व गरेको छ। हालसम्म घोषणा भएका संरक्षित क्षेत्रले ओगटेको क्षेत्रफलको तुलना गर्दा जैविक विविधता महासन्धीको जैविक विविधता दशक (सन् २०१०–२०२०) मा राखिएको लक्ष्य (Aichi Target) लाई नेपालले यस भन्दा अगाडि नै पुरा गरेको देखिन्छ। वन, वनस्पति र जैविक विविधता तथा समग्र प्राकृतिक सम्पदाको संरक्षण गर्ने काममा नेपालले दक्षिण एशियामा अग्रणी भूमिका खेलेको छ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको विधिवत नामाकरण भई राजपत्रमा प्रकाशन भएको मितिलाई आधार मानि सोहि दिनलाई विभाग स्थापना दिवसको रुपमा मनाउने भनि भएको मिति २०७७।७।१४ को विभागीय निर्णयानुसार आज मिति २०७८ कार्तिक १८ गते राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको ४२औं स्थापना दिवसको विशेष अवसरमा सम्पुर्ण संरक्षणकर्मी तथा शुभचिन्तक महानुभावहरुमा हार्दिक शुभ-कामना व्यक्त गर्दछु।

२०७८।७।१८

डा. रामचन्द्र कँडेल

महानिर्देशक

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

बबरमहल, काठमाडौं।